# त्रिवेणी गाउँपालिकाको
# आकस्मिक कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७४ माघ २९ गते ।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमृत बारानेटा, रुकुम (पश्चिम)
६ नं प्रदेश, नेपाल
२०७३

**त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रुकुम (पश्चिम), ६ नं. प्रदेश**
**नेपाल**

गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिमुत खारबरा, रुकुम (पश्चिम)
६ नं प्रदेश, नेपाल
२०७२

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत



# त्रिवेणी गाउँपालिकाको आकस्मिक कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४

## प्रस्तावनाः

गाउँपालिकाले आर्थिक सहायता दिन एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुनरस्थापना गर्न र अन्य आकस्मिक कार्यमा प्रयोग गर्नका लागी नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७० ले दिएको अधिकार प्रयोग गरि त्रिवेणी गाउँ कार्यपालिकाले मिति २०७४ माघ १५ गते यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम त्रिवेणी गाउँपालिकाको आकस्मिक कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका अध्यक्ष" भन्नाले त्रिवेणी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) "वडा समिति" भन्नाले त्रिवेणी गाउँपालिका अन्तर्गतको वडा समितिलाई सम्झनुपर्छ ।

च) "न्यायिक समिति" भन्नाले त्रिवेणी गाउँपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ ।

छ) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले तीन महिना सम्म पनि खान नपुग्ने विपन्न भनि प्रमाणित भएका शरिरका महत्वपूर्ण अंगहरू जस्तै मुटु, कलेजो, फोक्सो, मष्तिस्क, मृगौलाका रोगी एवं मेरूदण्ड पक्षघात, क्यान्सर पिडित व्यक्तिहरू,पूर्ण असक्त अपांगता भएका व्यक्ति, यौन हिंसा तथा घरेलु हिंसाबाट पिडित,शारिरीक, मानसिक यातनाबाट आक्रान्त एवं शोषन र वेचविखनमा परेका, हराएका वा बेवारिसे अवस्थामा रहेका महिला, बालबालीका तथा जेष्ट नागरिकहरू,

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुत बारानेटा, रुकुम (पश्चिम)
६ न प्रदेश, नेपाल

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत



ज) "गैरप्राकृतिक विपद" भन्नाले महामारी, अनिकाल, डढेलो, किट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरूंगीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हजाई, सडक, जल वा औध्योगिक दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद् बाट उत्पन्न विपद् सम्झनु पर्छ ।

झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, ताल विष्पोटन, अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो तथा भु स्खलन, डुबान, खडेरी, आँधी, हुरी वतास, शीतलहर,चटयांग, भुकम्प, ज्वालामुखि बिस्पोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक प्रकोपलाई जनाउछ ।

ञ) आकस्मिक कार्य भन्नाले भूकम्प, बाढी, पहीरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको बिशेष परिस्थितिमा गरिने आकस्मिक कार्य सम्झनुपर्छ ।

(ट) "आकस्मिक कार्य" भन्नाले "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहीरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको बिशेष परिस्थितिमा गरिने आकस्मिक कार्य सम्झनुपर्छ ।

ट) "कोष" भन्नाले बुदा नं. ३ बमोजिमको खडा भएको आकस्मिक कोषलाई सम्झनुपर्छ ।

## परिच्छेदः २

## आकस्मिक कोषको स्थापना र प्रयोग

<u>३.कोषको स्थापनाः</u> (१) त्रिवेणी गाउँपालिका भित्र आर्थिक सहायता दिन एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनकालागी एक आकस्मिक कोष स्थापना गरिनेछ ।

(२)बुदा नं.३.(१) बमोजिम स्थापना भएको कोषमा देहायका रकमहरू जम्मा गरिनेछ :

(क)संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकारबाट कोषको लागी प्राप्त अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघसस्था वा त्यस्ता संस्थाका कर्मचारी, शिक्षक, उद्यमि, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, नागरिक समाज वा सर्वसाधारणबाट दान, दानव्य वा उपहार स्वरूप प्राप्त रकम,

(ग) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले प्रदान गरेको रकम,

(घ) विदेशी व्यक्ति, दातृ संस्था, अन्तराष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरूप कोषको नाममा सोझै प्राप्त रकम,

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

(ङ) कोषका नाममा अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) बुदा नं. ३.(२) (घ) बमोजिमको रकम प्राप्त गर्न संघीय सरकारबाट अनुमती लिइनेछ ।

**४. कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यको लागी खर्च गरिनेछ :

(क) दैविक प्रकोप/विपद् बाट पीडित वा पीडित हुनसक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्न,

(ख) दैविक प्रकोप/विपद् पीडित व्यक्तिको लागी तत्काल आर्थिक सहायता उपलव्ध गराउन,

(ग) विपद् बाट पीडित व्यक्तिको भरणपोषण तथा जीवन निर्वाहका लागी तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, औषधि लगायतका अत्यावश्यक सामाग्री खरीद गर्न,

(घ) विपद् बाट प्रभावित घाईते वा विरामी भएको व्यक्तिको औषधि उपचार गर्न,

(ङ) विपद् बाट प्रभावित व्यक्तिको अस्थायि रूपले आश्रयस्थल बनाउने वा पुनस्थापना गर्न,

(च) विपद् बाट अवरोध भएको सडक आवागमन, बिद्युत वितरण, खानेपानीको आपुर्ति तथा ढल सुचारू गराउन,

(छ) दैविक प्रकोप/ विपद्को जोखिम न्युनिकरण गर्न सचेतनामुलक कार्यक्रम संचालन गर्न, पुर्व सावधानी अवनाउन वा पुर्व तयारी गर्न,

(ज) विपद् व्यवस्थापन सुचना प्रणाली तथा पुर्वचेतावनि प्रणालिको विकास र सञ्चालन गर्न,

(झ) आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराउन,

(ञ) आकस्मिक कार्यहरू गर्न,

(ट) विपद् व्यवस्थापन सम्बन्धि गरीने अन्य कार्यको गर्न,

**५. कोषको रकम प्रयोग हुन नसक्नेः** बुदा नं. ४(१) मा जुनसुकै कुरा उल्लेख भएतापनि देहाय बमोजिमको प्रयोजनको लागी कोषको रकम प्रयोग गर्न सकिने छैनः

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलव, भत्ता वा सुविधा उपलव्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलव्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) मापदण्ड विपरित कसैलाई आर्थिक सहायता उपलव्ध गराउन,

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुरु खागनेटा, रुकुम (पश्चिम)
६ नं प्रदेश, नेपाल
२०७३

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत



(ङ) नियमित प्रशासनिक कार्यको लागी खर्च गर्ने ।

## परिच्छेदः तीन

## कोषको सञ्चालन र व्यवस्थापन

**६.कोष सञ्चालन समितिः** (१) कोष सञ्चालन तथा व्यवस्थापनका लागी देहाय बमोजिमको एक कोष सञ्चालन समिति गठन गरिने छः

(क) प्रमुख प्रशासकिय अधिकृत..................................संयोजक
(ख) शिक्षा शाखा प्रमुख,.............................................सदस्य
(ग) स्वास्थ्य शाखा प्रमुख..........................................सदस्य
(घ) योजना शाखा प्रमुख............................................सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख........................................सदस्य
(च) आर्थिक प्रशासन शाखा प्रमुख..........................सदस्य सचिव

**७. कोष सञ्चालन समितिको बैठकः** (१) समितिको बैठक समितिका संयोजकले तोकेको ठाउँ, मिति र समयमा वस्नेछ ।बैठक जुनसुकै समयमा, एकै दिनमा पनि एक भन्दा बढि पटकको लागी समेत बस्न सक्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(३) समितिका तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको पचास प्रतिसत भन्दा बढि सदस्य उपस्थित भएमा समितिको बैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै पदाधिकारी, कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धि अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कोष सञ्चालन तथा व्यवस्थापनः** (१) कोषको रकम समितिको निर्णय बमोजिम नेपालभित्र रहेका कुनै पनि बाणिज्य बैंकमा खाता खोलि जम्मा गरिनेछ ।

(२) बुदा नं. ८(१) बमोजिमको खाता समितिको संयोजक र समितिको सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ । कोषको लेखापरिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुतु खारनेटा, रुकुम (पश्चिम)
६ नं प्रदेश, नेपाल
२०७३

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत



(४) कोषको रकम वितरण गर्ने कार्यविधिः कोषको रकम बुदा नं. ४(१) बमोजिमको प्रयोजनकालागी खर्च गर्ने गरी त्रिवेणी गाउँपालिकाको आर्थिक सहायता एवं विपद् व्यवस्थापन र राहत उद्धार सम्बन्धि मापदण्ड, २०७४ मा व्यवस्था भए बमोजिमको कार्यविधि अवलम्बन गरिनेछ ।

(५) बुदा नं. ८(४) बमोजिम रकम वितरण गर्दा दैविक प्रकोप/ विपद्/ विपन्नता र जोखीमताको सघनता र व्यापकता, कोषमा उपलव्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरि समितिले उचित ठहराए बमोजिम रकम उपलव्ध गराईनेछ ।

(६) बुदा नं. ८(४) बमोजिमको रकम उपलव्ध गराउदा समितिले त्रिवेणी गाउँ कार्यपालिका तथा त्रिवेणी गाउँपालिका विपद् व्यवस्थापन समितिको निर्णय र सिफारीस लाई समेत आधार बनाउने छ ।

__९.अधिकारको प्रत्यायोजनः__ समितिले आवश्यकता अनुसार आफुमा रहेको केही वा सवै अधिकार समितिका संयोजक वा सदस्य सचिवलाई दिन सक्नेछ ।

__१०. त्रिवेणी गाउँसभा र गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेः__ त्रिवेणी गाउँसभा र गाउँ कार्यपालिकाले यस कार्यविधि बमोजिम रकम उपलव्ध गराउने सम्बन्धमा समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२०७४/१०/२८

बिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिकाको आकस्मिक कोष संञ्चालन सम्बन्धि कार्यविधि, २०७४
त्रिवेणी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७४ माघ २९ गते सोमबार

प्रमाणीकरण गर्नेः

दस्तखतः

नामः सिजन कुमार ओली

पदः प्रमुख प्रशासकिय अधिकृत, त्रिवेणी गाउँपालिका रूकुम (पश्चिम)

प्रमाणीकरण मितिः २०७४ माघ २९ गते सोमवार ।